**बरहथवा शाखा**

## सर्लाही जिल्ला स्थित नेपाल बैंक लिमिटेड बरहथवा शाखाको जग्गामा कम्पाउण्डवाल निर्माण गर्ने कार्यको लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७५/१२/२६)**

नेपाल बैंक लिमिटेड बरहथवा **शाखाको जग्गामा कम्पाउण्डवाल निर्माण** गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गरी ३१ औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दि बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिसमा प्र.का. १ हिसावमा वा बरहथवा शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा बरहथवा शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा बरहथवा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) वोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण(BOQ)मा दर रेट खुलाइ, न्युनतम रु.८०,०००/-(अक्षरेपी असी हजार) धरौटी वापत यस बैंकको बरहथवा शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको वोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क'वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ संलग्न गर्नु पर्नेछ। बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।

२) वोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखादर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) वोलपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको बोलपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले ६० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण वोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

| | |
|---|---|
| वोलपत्र प्राप्त गर्ने स्थान | :- ने.बै.लि. बरहथवा शाखा वा प्रधान कार्यालय व्यवस्थापन सेवा विभाग । |
| वोलपत्र खरिद गर्ने अन्तिम मिति | :- २०७६/०१/२५ गते बुधबार कार्यालय समय भित्र । |
| वोलपत्र दाखिला गर्ने अन्तिम मिति | :- २०७६/०१/२६ गते बिहीबार दिउसो ११:०० वजे भित्र । |
| वोलपत्र दाखिला गर्ने स्थान | :- नेपाल बैंक लिमिटेड, बरहथवा शाखा । |
| वोलपत्र खोल्ने मिति र स्थान | :- २०७६/०१/२६ गते बिहीबार दिउसो १२:०० बजे ने.बै.लि. बरहथवा शाखा । |

बैंकको अनुमानित लागत :-

सिभिल तर्फ **भ्याट समेत कूल जम्मा रकम रु.३०,६०,३१९/-(अक्षरेपी तिस लाख साठी हजार तिन सय उन्नाइस मात्र ।)**